बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## बलेफी गाउँपालिका क्षेत्रभित्र पर्ने सुनकोशी नदिको जुरेदेखि बलेफी बजारको कुपिलेश्वर महादेवस्थानसम्मको ढुंगा, गिट्टी, बालुवा संकलन तथा उत्खनन् शुल्क उठाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/०३/१८
ठेक्का नं. आ.०१/२०८१/०८२

यस गाउँपालिकाको सुनकोशी नदी किनाराका विभिन्न स्वीकृत स्थानहरुबाट निकासी गरिने ढुंगा, गिट्टी, बालुवाको शुल्क बागमती प्रदेश सरकारको आ.ब. ०८०/०८१ का आर्थिक ऐन, २०८० मा उल्लेखित दरमा बोलपत्रको माध्यमबाट बढाबढ गरी संकलन गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नागरिकताको प्रतिलिपी, फर्मको हकमा दर्ता तथा नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, नियमानुसारको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपीहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सहित यो सूचना प्रकाशित भएको मितिले ३१ दिनभित्र रितपूर्वकको विद्युतीय बोलपत्र सार्वजनिक खरिद अनुगमनको कार्यालयको website https;//ppmo.gov.np/egp मा रहेको site प्रयोग गरी पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइएको छ ।

| उठाउन पाउने दररेट | कारोबार योग्य अधिकतम परिमाण (घनफिट) | न्युनतम ठेक्का अंक (मू.अ.क.बाहेक) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|
| प्रति घनफिट रु. ९/- | ३३१९१४.२४ | २९८७२२८.१६ | २०८१ श्रावण १७ गते विहिबार दिउँसो १२ बजेभित्र | २०८१ श्रावण १७ गते विहिबार दिउँसो १२ बजेभित्र | २०८० श्रावण १७ गते विहिबार दिउँसो १ बजे |

शर्तहरु

२. ठेक्काको मान्य अवधि: (उत्खनन, संकलनको हकमा सम्झौता भएको मितिदेखि २०८२ जेष्ठ मसान्तसम्म र विक्रीको हकमा सम्झौता भएको मितिदेखि २०८२ असार मसान्तसम्म कायम रहनेछ ।

३. ठेकेदारका कारण सम्झौता गर्न ढिलाई भएमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन । स्वीकृत परिमाणको अभिलेख गाउँपालिका समेतले राख्नेछ । सो अनुसार उल्लेखित अवधी अगावै कारोबार योग्य परिमाण विक्री भएमा तोकिएको समयावधि अगावै स्वत: समाप्त हुनेछ ।

४. बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५ प्रतिशत हुने आउने रकम गाउँपालिकाको नाममा रहेको एन.आइ.सी. एसिया बैंक लि. खाडीचौर शाखाको धरौटी खाता नं. J४CA०००३५७०५२४०५ मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको म्याद सकिने दिनबाट कम्तिमा १२० दिन म्याद भएको विड बन्ड समेत बोलपत्रसाथ अनिवार्य संलग्न हुनु पर्नेछ।

५. बोलपत्र फाराम खरिद एवम् दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

६. बोलपत्रमा समावेश हुने बोलपत्रदाताले एन.आइ.सी. एसिया बैंक लि., खाडीचौर शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता नं. १९४CA५०००३५७०००७ मा बोलपत्र खरिद वापतको बोलपत्र दस्तुर रु. ३०००/- दस्तुर दाखिलाको सक्कल भौचर स्क्यान गरी कागजातमा समावेश गर्नु पर्नेछ । सो को सक्कल प्रतिहरु बोलपत्र खोलिए लगत्तै कार्यालमा उपलब्ध गराउनु पर्नेछ ।

७. प्राप्त हुन आएका बोलपत्रहरु दर्ता गर्ने म्याद सकिए लगत्तै सोही दिन अपरान्ह १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ । साथै प्रस्ताव खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि खोल्न कुनै बाधा हुने छैन ।

८. बोलपत्रदाताहरुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९. बोलपत्र स्वीकृती भएको जानकारी पाएको १५ (पन्ध्र) दिनभित्र बोलपत्रदाताले न्युनतम ४० प्रतिशत नगद कार्यालयले तोकि दिएको खातामा जम्मा गरेको सक्कल भौचर तथा बोलपत्रमा उल्लेख भए अनुसारको बाँकी ६० प्रतिशत रकम किस्त सम्झौतामा तोकिएको किस्तामा र अवधि भित्र दाखिला गर्नुपर्नेछ । किस्तामा भुक्तानी गर्ने शुल्कको हकमा सम्झौता बखत नेपाल सरबारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तिमा २०८२ श्रावण मसान्तसम्मको म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी (Performance Bond) सहित सम्झौता गर्न आउनु पर्नेछ ।

१०. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बलेफी गाउँ कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

११. यस सम्बन्धी अन्य जानकारी चाहिएमा कार्यालय समयभित्र कार्यालयमा बुझ्न सकिनेछ । साथै कार्यालयको वेभसाइट www.balephimun.gov.np मा र सार्वजनिक खरिद अनुगमनको कार्यालयको website https;//ppmo.gov.np/egp मा हेर्न सकिनेछ ।

१२. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमख प्रशासकीय अधिकत